गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
सुदूरपश्चिम प्रदेश कार्यसमिति

नेपाल नगरपालिका संघ
सुदूरपश्चिम प्रदेश कार्यसमिति

मिति: २०८२।०४।०७

माननीय मुख्यमन्त्रीज्यू
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सुदूरपश्चिम प्रदेश

**विषय: स्थानीय सेवा ऐन कार्यान्वयनमा देखिएको समस्याका विषयमा ध्यानाकर्षण गरिएको।**

प्रस्तुत सन्दर्भमा प्रदेश सभाबाट हालै जारी भएको सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ का कतिपय प्रावधानहरुले स्थानीय सरकारको प्रशासनिक स्वायत्तता हनन् गरेको, कार्यान्वयनमा द्विविधा भएको र कतिपय प्रावधानहरु कार्यान्वयन नै गर्न नसकिने पाइएको छ। जारी भएको कानुनको समग्र व्यवस्था अध्ययन गर्दा हामी स्थानीय सरकारहरुले सो कानुन छिटो जारी गर्न गरेको विगतको प्रयत्न व्यर्थ मात्र भएको छैन यो ऐन जारी भएपश्चात स्थानीय सरकारमा रहेको प्रशासनिक जटिलताको अन्त्य हुनेछ भनि राखिएको अपेक्षासमेत पुरै खण्डित भएको छ। सात प्रदेशमध्ये सबै भन्दा ढिलो गरी जारी भएको यो कानुन अन्य प्रदेशको तुलनामा अझै व्यवहारिक र परिपक्व हुनुपर्ने थियो तर कानुनका कतिपय प्रावधान हेर्दा अपेक्षाकृत नदेखिदा हामी दुखिद भएका छौं।

तसर्थ, यो ऐन तत्काल संशोधन गर्नुको विकल्प देखिएन। ऐन संशोधनका लागि हामी स्थानीय सरकारको तर्फबाट गर्नुपर्ने आवश्यक सहयोगमा प्रतिवद्ध रहदै संशोधन प्रस्ताव तयार गर्न संघ/महासंघको तर्फबाट एक कार्यदल समेत गठन गरिसकिएको व्यहोरा अवगत गराउँदछौं। ऐनका सन्दर्भमा देखिएका तपसिलमा उल्लेखित विद्यमान सवालहरुको सम्बोधनका लागि माननीय मुख्यमन्त्रीज्यूको गम्भिर ध्यानाकर्षण गर्दछौं। अन्यथा यो कानून कार्यान्वयन गर्न नसकिने भएकोले सुदूरपश्चिम प्रदेशका सबै ८८ ओटै स्थानीय सरकारहरु एकसाथ यो ऐनको अवज्ञा गर्न बाध्य हुने व्यहोरासमेत यसै पत्रमार्फत माननीयज्यूमा ध्यानाकर्षण गराउँछौं।

१. प्रस्तुत ऐनले संविधानले स्थानीय सरकारलाई दिएको प्रशासनिक स्वायत्तताको पुरै हनन गरेको पाइएको छ। जस्तै: स्थानीय सरकारको कार्यपालिकाले स्वीकृत गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदनलाई पुन स्वीकृतिको लागि मन्त्रालयमा पठाउनु पर्ने र मन्त्रालले औचित्य देखेमा स्वीकृत गर्न सक्नेछ (दफा ८ को उपदफा (४) भन्ने व्यवस्थालाई स्वीकार गर्न सकिदैन। संविधानको अनुसूची ८ को सूची नं. ५ ले स्थानीय सरकारको एकल अधिकारको रुपमा स्थानीय सेवाको व्यवस्थापन रहेको हुँदा यो व्यवस्था संविधान विपरित पनि रहेको छ। यो विषयले स्थानीय सरकारको दीर्घकालीन आर्थिक दायित्व सृजना गर्ने भएकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन स्वीकृत गर्ने अधिकार सम्बन्धित गाउँ/नगर सभालाई प्रदान गरिएको देखिएन।

२. हाल स्थानीय सरकारहरुले आफ्नो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन तयार गरिनसकेको अवस्थामा स्थानीय सरकारको सेवा प्रवाहका लागि अत्यावश्यक जनशक्ति करार सेवाबाट परिपूर्ती गरिरहेको सन्दर्भमा यस ऐनले करार सेवाका कर्मचारीको म्याद थपका सम्बन्धमा द्विविधा सृजना गर्दा २०८२ श्रावण १ गते देखि स्थानीय सरकारहरुमा सेवा प्रवाहलाई प्रतिकुल अवस्था सृजना गरेको छ।

३. स्थानीय सरकारले स्थायी पदपूर्ती नगरी करार सेवाबाट लिनुपर्ने पदहरुमा पनि प्रदेश सरकारको अनिवार्य सहमती लिनुपर्ने विषयले स्थानीय सरकारको प्रशासनिक स्वायत्तामाथी सङ्कुचन गरेको हाम्रो निश्कर्ष रहेको छ।

४. स्थानीय सेवाका कर्मचारीहरुको तह मिलान, तह वृद्धि र बढुवाको सन्दर्भमा जेष्टता कायम गर्ने, न्युनतम योग्यता, सेवा अवधि र अधिकतम तह वृद्धिका सीमा लगायतका विषयमा संविधान र संघीय कानुनबमोजिमका स्थापित आधार र मापदण्डहरुलाई ख्याल गरिएको देखिएन।

५. यो ऐन जारी गरिसकेको अवस्थामा यस ऐनमा नै स्पष्ट गर्न सकिने कतिपय व्यवस्थाहरुमा संघीय कानुनको निर्भरता कायम रहेको देखिन्छ। विशेषगरी प्रदेश कानुनले व्यवस्था गरेको स्वास्थ्य सेवाको व्यवस्थापन संघीय स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम हुने विषयले अन्योलता सृजना गरेको छ।

६. सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी हुनुभन्दा अगाडी नियुक्ति भै अत्यावश्यक सेवामा करारमा कार्यरत कर्मचारीहरुको साविकबमोजिम करार नविकरण/म्याद थप गरी सेवा प्रवाहलाइ निरन्तरता न दिएको

खण्डमा स्थानीय सरकारको सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव पर्ने भएकोले म्याद थप प्रक्रिया अगाडी बढाउनु पर्ने देखिएको छ।

तसर्थ, यो ऐन कार्यान्वयन गर्ने क्रममा तत्कालिन रुपमा देखिएका उपरोक्त बमोजिमका व्यवस्थाहरु बाहेक अन्य धेरै व्यवस्थाहरु अझै अव्यवहारिक र संवैधानिक तथा कानुनी रुपमा त्रुटी रहेको छ भन्ने हाम्रो निश्कर्ष रहेको छ। तहाँ कार्यालयको मिति २०८२।०४।०२ को पत्रानुसार उक्त ऐनको संशोधनको लागि कार्यदल गठन गरेको जानकारी प्राप्त भएको छ। स्थानीय सरकारसँग प्रत्यक्ष सरोकार राख्ने ऐन भएकोले संशोधन प्रस्ताव तयार गर्ने कार्यदलमा संघ/महासंघको प्रतिनिधित्व अनिवार्य गराउन अनुरोध गर्दछौं। यस विषयमा थप अध्ययन गरेर संशोधन गर्नुपर्ने व्यवस्थाहरुका सम्बन्धमा सरोकारवालाहरुसँग परामर्श गरी निकट भविष्यमा नै लिखित रुपमा संशोधन प्रस्ताव पेश गरिनेछ।

तसर्थ यस ऐनमा रहेका माथी उल्लेखित कानुनी जटिलताका कारण कार्यान्वयन गर्न सकिने अवस्था नरहेकोले हाललाई यस ऐनलाई स्थगन गर्न वा तत्काल बाधा अड्काउ फुकाउने कार्य गर्नुहुन हार्दिक अनुरोध गर्दछौं। अन्यथा, हामी सबै ८८ ओटै स्थानीय सरकारहरु जारी भएको यस ऐनको अवज्ञा गर्दै प्रदेश सरकार विरुद्ध चरणवद्ध आन्दोलनको घोषणा गर्न बाध्य हुने व्यहोरा यसै ज्ञापन पत्रमार्फत ध्यानाकर्षण गर्दछौं।

लोकेन्द्र बहादुर शाही
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
प्रदेश कार्यसमिति

विरेन्द्र भट्ट
संयोजक
नेपाल नगरपालिका संघ
प्रदेश कार्यसमिति

<u>बोधार्थ</u>

श्री प्रदेश सभा सचिवालय

श्री सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार

श्री सुदूरपश्चिम प्रदेशका सबै नगरपालिका र गाउँपालिकाहरु